१३औं बैठक

आज मिति २०७८ आश्विन १ गते शुक्रबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

उपस्थिति:

श्री किसान गुरुङ्ग, नगर प्रमुख, अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली, उप-प्रमुख, सदस्य (नगर कार्यपालिका)

श्री रबिचन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर [redacted] थापा, सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)

श्री गिता महत, सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत, सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुबेदी, प्रमुख प्रशासकीय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

**अन्य उपस्थिती:**

श्री नवराज चापागाई, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल, प्रशासन प्रमुख

**निर्णय नं. १ :**

पालिकाभित्र मनसुनजन्य प्रकोपबाट सिर्जित विपद् व्यवस्थापनका लागि देहायको कार्य गर्ने :

क) मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७७ को परिच्छेद-२ को दफा ३ बमोजिम लाभग्राही पहिचान गरी लाभग्राही कायम गर्न नगर स्तरीय विपद व्यवस्थापन समितिको निर्णयानुसार पालिकाको तर्फबाट वहन गर्नुपर्ने प्रतिपरिवार रु ६०००० का दरले हुन आउने कुल १८,६०,००० वित्तिय दायित्व नगरपूर्वाधारतर्फ संघप्रदेश साझेदारी शिर्षकबाट खर्च लेख्ने गरी रकम उपलब्ध गराउने ।

तपसील

| क.सं | नाम,थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मोहन प्रसाद ढकाल | शु.न.पा. १ | |
| २ | नेत्र कुमारी वंशी | शु.न.पा. १ | |
| ३ | कुमार वि.क. | शु.न.पा. २ | |
| ४ | फुल माया परियार (सुजन परियार ) | शु.न.पा. ६ | वडा वाट नाम परिवर्तन गरिएको |
| ५ | मन माया भुजेल | शु.न.पा. ८ | सुकुम्वासी |
| ६ | रेशम परियार | शु.न.पा. ९ | |
| ७ | मन वहादुर भुजेल | शु.न.पा. १० | |
| ८ | प्रेम ब. गुरुङ्ग (उमा गुरुङ्ग) | शु.न.पा. १२ | श्रीमानको नाममा लाभग्राही कायम गरिएको |
| ९ | धन वहादुर सुनार | शु.न.पा. १२ | |
| १० | उत्मा कुमारी गुरुङ्ग | शु.न.पा. १२ | |
| ११ | गणेश वहादुर महत (प्रेम ब.महत) | शु.न.पा. ७ | छोराको नाममा लाभग्राही कायम गरिएको |
| १२ | रुद्र वहादुर महत | शु.न.पा. ७ | |
| १३ | चित्र बहादुर गुरुङ्ग | शु.न.पा. ७ | |
| १४ | टिका राम लम्साल | शु.न.पा. ११ | |
| १५ | ध्रुव ब. वस्नेत (कोपिला वस्नेत) | शु.न.पा. ३ | श्रीमानको नाममा लाभग्राही कायम गरिएको |
| १६ | सुर्य ब. कुवर (सम्झना खत्री) | शु.न.पा. ३ | श्रीमानको नाममा लाभग्राही कायम गरिएको |
| १७ | उजेली कामी | शु.न.पा. ३ | |
| १८ | विक्रम श्रेष्ठ | शु.न.पा. ३ | |

ख) चालु आ.व २०७८/०७९ मा शुक्लागण्डकी नगरपालिका भित्र निरन्तरको वर्षादको कारणले पुर्ण क्षती, जोखीम भई घर स्थानान्तर गर्नु पर्ने देहायका व्यक्तिहरुले क्षति भएको स्पष्ट देखिने फोटो,प्रहरी

किशन गुरुङ
नगर प्रमुख

Scanned with CamScanner

मुचुल्का , वडा कार्यालयको सिफारिस समावेस गरी प्रतिपरिवार रु २०,००० राहत रकम उपलब्ध गराउने :

| क्र.स. | नाम,थर | वडा नं | क्षतीको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | विष्णु ब. नेपाली | ७ | माथीबाट पैह्रो आएर घरमा पुर्ण क्षती भएको | |
| २ | चन्द्र कान्त भट्टराई | ९ | अबिरल वर्षाको कारणले घर र गोठ भत्केको | |
| ३ | रुप बहादुर खत्री | ९ | माथीबाट पैह्रो आएर घरमा पुर्ण क्षती भएको | |
| ४ | जंग ब. राहुत | ९ | अबिरल वर्षाको कारणले घर र गोठ भत्केको | |
| ५ | नेत्र ब. राहुत | ९ | अबिरल वर्षाको कारणले घर र गोठ भत्केको, ८ वटा वाखा मरेको | |
| ६ | जित ब.राहुत | ९ | अबिरल वर्षाको कारणले घर र गोठ भत्केको,१ वटा खसी मरेको | |
| ७ | लिला देवी बि.क. | ९ | घर अगाडी आगन पहिरो गएर घर बस्ने अवस्था नभएको | |
| ८ | गुप्त ब.पराजुली | ९ | माथीबाट पैह्रो आएर घरमा बस्ने अवस्था नभएको | |
| ९ | सुर्य ब. श्रेष्ठ | ९ | अबिरल वर्षाको कारणले घर र गोठ भत्केको | |
| १० | जित मान श्रेष्ठ | ९ | अबिरल वर्षाको कारणले घर र गोठ भत्केको | |
| ११ | हुम नारायण श्रेष्ठ | ९ | अबिरल वर्षाको कारणले घर र गोठ भत्केको | |
| १२ | हीरा देवी वि.क. | १० | अबिरल वर्षाको कारणले घर चर्केर वस्ने अवस्था नभएको | |
| १३ | तारा राना | १० | घर माथीबाट पहिरो आगन गएर घर बस्ने अवस्था नभएको | |
| १४ | लुक नारायण वि.क. | १० | घरको दक्षिणतर्फबाट पहिरो गएर घर बस्ने अवस्था नभएको | |
| १५ | नुन ब. सार्की | १० | घर माथीबाट पहिरो,आगन गएर घर बस्ने अवस्था नभएको | |
| १६ | सोनाम गुरुङ्ग | १० | घर अगाडीवाट आगन चिरियर घर बस्ने अवस्था नभएको | |
| १७ | भविलाल वि.क. | १० | माथीबाट पैह्रो आएर घरमा पुर्ण क्षती भएको | |
| १८ | याम ब. गुरुङ्ग | १० | माथीबाट पैह्रो आएर घरमा पुर्ण क्षती भएको | |
| १९ | सोबी माया परियार | १० | माथीबाट पैह्रो आएर घरमा पुर्ण क्षती भएको | |
| २० | रुक ब. गुरुङ्ग | २ | अबिरल वर्षाको कारणले घर चर्केर वस्ने अवस्था नभएको | |
| २१ | गिलन चन्द्र श्रेष्ठ | ११ | अबिरल वर्षाको कारणले धन्सारको गाह्रो भत्केको | |
| २२ | मेघ ब.दर्जी | ११ | घर अगाडीवाट आगन चिरियर घर बस्ने अवस्था नभएको | |
| २३ | चित्र माया बानिया | ८ | अबिरल वर्षाको कारणले घर र गोठ पुर्ण क्षती भएको | |
| २३ | फत्त ब. चितौरे | १० | अबिरल वर्षाको कारणले पहिरो गई घर पुर्ण क्षती भएको | |
| २४ | होमा नेपाली | ६ | घर अगाडीवाट आगन चिरियर घर बस्ने अवस्था नभएको | |
| २५ | पदम ब.थापा | ६ | घर अगाडीवाट आगन चिरियर घर बस्ने अवस्था नभएको | |
| २६ | राज ब.सुनार | ६ | घर अगाडीवाट आगन चिरियर घर बस्ने अवस्था नभएको | |
| २७ | कर्ण ब. थापा | ६ | माथीबाट पैह्रो आएर घर बस्ने अवस्था नभएको | |

किशन गुरुङ
नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २८ | बम ब. कुमाल | ६ | माथीबाट पैह्रो आएर घर बस्ने अवस्था नभएको | |
| २९ | भक्ति प्रसाद तिमल्सेना | | माथीबाट पैह्रो आएर घर बस्ने अवस्था नभएको | |
| ३० | धन ब.कुमाल | ६ | घर नजीकै पैह्रो आए घर बस्ने अवस्था नभएको | |
| ३१ | नर ब. बि.क. | ६ | घर अगाडीवाट आगन चिरियर घर बस्ने अवस्था नभएको | |
| ३२ | टेक ब.विश्वकर्मा | ६ | घर अगाडीवाट आगन चिरियर घर बस्ने अवस्था नभएको | |
| ३३ | विष्णु माया पौडेल | ६ | घर अगाडीवाट आगन चिरियर घर बस्ने अवस्था नभएको | |
| ३४ | सन्त ब.कुमाल | ९ | अबिरल वर्षाको कारणले घर चर्केर वस्ने अवस्था नभएको | |
| ३५ | गिता भण्डारी | ३ | अबिरल वर्षाको कारणले घर चर्केर वस्ने अवस्था नभएको | |
| ३६ | हरिमाया वि.क | १ | आवासमा पूर्ण क्षति | |
| ३७ | हिम कुमारी वि.क | १ | आवासमा पूर्ण क्षति | |
| ३८ | देव वहादुर भुजेल | १ | घर जोखीम | |
| ३९ | रुकु दिन मिया | १ | घरमा पैरो गई क्षति पुगेको | |
| ४० | जनमत गुरुङ | १ | घरमा पैरो गई क्षति पुगेको | |
| ४१ | थाईमाया पोखेल | १० | घर,गोठ जोखीम भएको | |

**निर्णय नं. २ :**

यस नगरपालिकाको वडा नं. ९ स्थित चिसापानी,तल्लो तरामा रहेको साविक ढोरफिर्दी नक्शा नं. ७/घ,कि.न. १२३,क्षेत्रफल ५४–०४–०–०–३ को पूर्वतर्फ डिल पश्चिमतर्फ सामुदायिक वन र उत्तरचर्फ सामुदायिक वन र दक्षिणतर्फ वन बुट्यान सिसौ घारी भएको सरकारी/पर्ती जग्गामा नगर औद्योगिक ग्राम स्थापना तथा संचालनको प्रक्रिया अघि बढाउनका लागि सहमतिपत्र,चारकिल्लासहित जग्गाको विवरण तथा औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धी कार्यविधि,२०७५ ले तोकेको कागजात समेत संग्लन गरी उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय,काठमाण्डौमा पठाउने ।

**निर्णय ३ :**

रातमाटा,लिलाचोक तथा फिरफिरे क्षेत्रका तल्लो वस्तीलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नका लागि शु.न.पा १२,लीलाचोकमा स्वास्थ्य सेवाकेन्द्र स्थापना गरी संचालन गर्ने ।

**निर्णय नं. ४ :**

गण्डकी प्रदेश चिकित्सा विभाग स्थापनाका लागि शु.न.पा ५ बेलचौतारामा रहेको जिपी कोईराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रको स्वामित्वमा रहेको जग्गाबाट ७५ रोपनी क्षेत्रफल जग्गा गण्डकी प्रदेश विश्वविद्यालय,पोखरालाई प्रदान गर्नका लागि जिपी कोईराला राष्ट्रिय श्वासप्रश्वास केन्द,बेलचौतारासमक्ष अनुरोध सहित सिफारिस गर्ने ।

**निर्णय नं. ५ :**

किशन गुरुङ
नगर प्रमुख

नगरपालिकाका महिला जनप्रतिनिधिको ४ वर्षे कार्यकालको अनुभव आदानप्रदान तथा तीज विशेष कार्यक्रममा भएको रु ७५,००० खर्च संस्कृति प्रबर्द्धन शिर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय न. ६ :**

नगरपालिकाबाट वडाकेन्द्रसम्म जाने बाटो र अन्य वडाको हकमा एक वटा मुख्य बाटो मर्मतसंभारका लागि प्राविधिक लागत ईष्टिमेट अनुसार संभौता तथा कार्यसम्पन्नअनुसारको लागत रकम पूर्वाधारतर्फ मर्मतसंभार शिर्षकबाट भुक्तानी हुने गरी सडक सरसफाई कार्य अघि बढाउने ।

**निर्णय नं. ७ :**

हंशवाहिनी मा.वि शु.न.पा २ एक्लेखेतमा नि.मा.वि तृतीय श्रेणी ,गणित विषयको पद रित्त भएकोले यस पालिकामा दरबन्दी व्यवस्थापन हुदा सोहीअनुसार मिलान हुने गरी हाललाई श्री चन्द्रज्योति मा.वि घिरिङमा नि.मा.वि तृतिय श्रेणी,गणित विषयमा कार्यरत तोयानाथ सुवेदीलाई सरुवा भै आउनका लागि सहमति दिने ।

**निर्णय नं. ८ :**

ढोरवाराही मन्दिरको नियमित पुजा सुचारु गरिएकोले आर्थिक ऐन २०७८ बमोजिम को दररेटमा सेवा शुल्क बुझाई मन्दिरमा चढाएको बलीको टाउको व्यवस्थापनका लागि वोलपत्रको कार्यसम्पन्न नहुदासम्म शु.न.पा वडा न. ९ निवासी हर्कबहादुर महतलाई विगतको आ.बको रकम रु २०५०००० को दामासाहीले हुन आउने रकम राजश्व तिर्ने गरी उक्त कार्य गर्न अनुमति दिने ।

**निर्णय नं. ९ :**

शुक्लागण्डकी नगरपालिका र काठमाण्डौ महानगरपालिकाविच भगिनि सम्बन्ध कायम गर्नका लागि आवश्यक कार्य प्रारम्भ गर्ने,साथै शुक्लागण्डकी नगरपालिका र छिमेकी मित्रराष्ट्र चीनको विभिन्न शहरबीच भगिनि सम्बन्ध कायम गर्ने प्रक्रिया अघि बढाउने,उक्त कार्यका लागि शु.न.पा वडा नं. ५ निवासी हाल चीनमा रही संचारको क्षेत्रमा कार्य गर्ने श्री धुव पौडेललाई आवश्यक समन्वय तथा सहजीकरण गर्ने गरी नगरपालिकाको विशेष दुतको रुपमा नियुक्त गर्ने ।

**निर्णय नं. १० :**

निर्णय नं. १० बमोजिम शुक्लागण्डकी नगरपालिका र काठमाण्डौ महानगरपालिकाविच तथा शुक्लागण्डकी नगरपालिका र छिमेकी मित्रराष्ट्र चीनको विभिन्न शहरबीच भगिनि सम्बन्ध कायम गर्ने प्रक्रिया अघि बढाउनका लागि पालिका फोकल पर्सनको रुपमा वडा सदस्य श्री बुद्धिबहादुर थापालाई जिम्मेवारी प्रदान गर्ने ।

किशन गुरुङ
नगर प्रमुख

निर्णय नं. ११ :

आर्थिक सहयोगका लागि माग भै आएकोले देहायबमोजिम गर्ने :

- शु.न.पा वडा नं. ७ निवासी टंके सार्कीको गोठमा आगलागीका कारण गोठ जलेको भनी निवेदन पेश गरेकोमा रु १५००० आर्थिक सहयोग दिने निर्णय भएकोमा निजले उक्त रकम प्राप्त गर्न नसकेको हुदा विपद् कोषबाट उक्त रकम भुक्तान गर्ने ।

निर्णय नं. १२:

पूर्वाधार विकासतर्फको मर्मतसंभार कोषबाट खर्च बेहोर्ने गरी देहायको योजनामा रकम विनियोजन गर्ने :

क) शहिदकृष्ण मा.वि.शु.न.पा वडा नं. ३ पहिरो सम्याउनका लागि प्राविधिक ल.ई अनुसारको रकम रु ३४,४४६ ,

ख)वडा नं. ११ स्थित रातो पहरा गोकुल पार्कले उक्त पार्कक्षेत्रमा खानेपानी व्यवस्थापन तथा पार्क सम्याउने कार्यका लागि रु ३ लाख,

ग) शु.न.पा वडा नं. २ गम्बर सिं गुरुङ्गको नाउमा दर्ता कायम भएको साविक स्थानथोक नक्सा नं. ३/छ कि.नं. ८५,क्षेत्रफल १६–९–०–१ को जग्गाको धानखेतको लागि सिचाई गर्न आवश्यक प्राविधिक लगत ईष्टिमेटअनुसारको रु १,२२,९३० ।

निर्णय नं. १३ :

शु.न.पा वडा नं. १० लोकादीटार बाटो मर्मतका लागि प्राविधिक ल.ई अनुसारको रकम रु २,१४,५९६.१७ पूर्वाधार विकासतर्फको सडक मर्मतसंभार शिर्षक खर्च बेहोर्ने गरी देहायको योजनामा रकम विनियोजन गर्ने ।

निर्णय नं. १४ :

पूर्वाधार विकासतर्फ फुटकर योजना नगरपालिकाभरबाट खर्च बेहोर्ने गरी देहायको योजनामा रकम विनियोजन गर्ने :

क)नगरपालिकाको स्वास्थ्य शाखामा ईसिजि मेसिन,एक्सरे मेसिन जडान गर्ने एवम कोल्ड स्टोर कक्ष आवश्यक भएको हुदा खैरेनीटार हेल्थपोष्ट दुलेगौडाको भवनको दोस्रो तलामा ट्रस निर्माणका लागि रु ७ लाख,

किशन गुरुङ
नगर प्रमुख

Scanned with CamScanner

ख)शुक्लागण्डकी नगरपालिका वडा नं. ५ अर्कुला मन्दिर संरक्षणको कार्यसम्पन्न भै भुक्तानीका लागि अ.ल्या मा बजेट समावेश नभएको रु ३ लाख ।

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल

किसान गुरुङ
नगर प्रमुख